"दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री"

चुमनुव्रीगाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिर्दिवास, गोरखा

गण्डकीप्रदेश ,नेपाल

पत्र संख्याः२०७८/०७९
चलानी नं. १००१

मिति २०७९/०३/०१

श्री सरोकारवाला सबै

विषयः भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १ र नियम ३०(२) अनुरुप आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा एक साता अगावै भुक्तानी दिइ भुक्तानी/निकासा बन्द गरी हिसाब मिलान गरी प्रतिवेदन तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । हामी भौगोलिक रुपमा विकट रहेको तथा इन्टरनेट सेवा समेत मौसममा भर पर्नुपर्ने अवस्थावारे हामी सबै जानकार नै छौ । स्थानीय तहको आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन SUTRA प्रणाली मार्फत हुने गरेकोमा गत आ.व. २०७७/०७८ मा असार ३० गते SUTRA प्रणाली बन्द भई आर्थिक कारोबार बन्द भएको व्यहोरा सबैमा अवगत नै छ । तसर्थ सो सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको निर्देशन अनुसार चालु आर्थिक वर्ष २०७८/०७९ को सम्पूर्ण बजेट कार्यान्वयन तथा कार्यसम्पादन र भुक्तानीको लागि पेश गरिने प्रमाणित कागजातहरु यस कार्यालयमा चालु खर्च तर्फको २०७९/०३/१५ गतेभित्र र पूँजीगत खर्च तर्फको २०७९/०३/२० गते भित्र पेश गरी भुक्तानी लिइसक्नुपर्नेछ र सो समयावधि पछि भुक्तानीको लागि पेश हुने कागजात उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

.............................
भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः

श्री गाउँपालिका अध्यक्षज्यू
श्री गाउँपालिका उपाध्यक्षज्यू
श्री वडाअध्यक्षज्यू (१-७) सबै
श्री विषयगत शाखाप्रमुखहरु सबै

Web site: chumanuwrimun.gov.np E-mail:chumanuwrimun@gmail.com